# ११

# परमेश्वर र चुनिएका जनहरुको बीचमा बाँधिएको करार

*यस अध्यायका मूल पदहरू:* उत्पत्ति ९:१-१७, १२:१-३,, गलाती ३:६-९, १५-१८, प्रस्थान २४, यर्मिया ३१:३१-३४, १ कोरन्थी ११:२४-२६।

*यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:* " "समय आउँदैछ" परमेश्वरले घोषणा गर्नुहुन्छ, "जब मैले इस्राएलका र यहूदाका जनहरूसँग नयाँ करार बाँध्नेछु।" (यर्मिया ३१:३१ रूपान्तरित)।

"कराहरू" भनेर बाइबलले करारलाई बहुवचनमा सम्बोधन गर्तापनि (रोमी ९:४, गलाती ४:२४), बाइबलमा केवल एक मौलिक करार उल्लेखनीय छ, त्यो हो अनुग्रहको करार। त्यस करारमा पतित मानिसहरूलाई दिइने मुक्ति हो जुन् विश्वासबाट दावी गऱ्यो भने उपलब्ध गराइन्छ। करारहरू भनेर बहुवचनमा प्रयोग गरिएको पनि अर्थपूर्ण छ। परमेश्वरले त्यस अनुग्रहको मलिक करारको प्रतिज्ञा मानिसहरूलाई बिभिन्न परिस्थिति, स्थान र समयको आवश्यकता हेरि विभिन्न तरिकाहरूले त्यस करारलाई आफ्ना जनहरू सामु प्रस्तुत गर्नुभएको थियो।

ती करारहरूमा परमेश्वरले आदम र हव्वासँग गर्नुभएको करार (उत्पत्ति ३:१५), अब्राहमसँग गर्नुभएको करार (उत्पत्ति १२:१-३, गलाती ३:६-९), सिनैको पहाडमा गरिएको करार (प्रस्थान २०:२), राजा दाउदसँग गरिएको करार (इजकिएल ३७:२४-२७), र नयाँ करार (यर्मिया ३१:३१-३३)हरू छन्। ती सबै करारहरूको मूल निचोड एउटै हो। परमेश्वरले दिनुहुने मुक्ति उपहारको रूपमा दिइने हो। पतित मानिसहरूले कुनै धर्मकर्म, परोपकार, उदारवादी आदि भएर मुक्ति कमाइन्दैन। पापी भएको

कारणले मानिसहरूको नियतै खराब छन् र मानिस परमेश्वरको गौरवमय मुक्ति पाउन योग्यको छैन। त्यो मुक्तिको उपहार विश्वासद्वारा र त्यसमा भएको नीति अनुसार चल्न मानिस राजी भयो भनेमात्र पाइन्छ।

नयाँ करार भनेर उल्लेख गरिएको प्रथम करार यर्मियाको पुस्तकमा पाइन्छ। बिदेशमा पलायन हुनुपरेका इस्राएलीहरू फेरि इस्राएलमा फर्कियो भने तिनीहरूलाई सो नयाँ करार उपलब्ध गराइनेछ भनेर परमेश्वरले कबूल गर्नुभएको थियो। आपदबिपद र कष्टकर जीवन बिताइरहनुपरेतापनि परमेश्वरबाट टाडा भएका र हुन चाहेका मानिसहरूलाई परमेश्वरले पुनर्स्थापनाको कबूल र आशाको हात फैलाउनभएको थियो।

## १. कुनै जाति, धर्म वा देशमा सिमित नराखी समस्त मानव प्राणीसँग परमेश्वरले गर्नुभएको करार वा सम्झौता

संसारको आजको अवस्थालाई हेर्‍यौं भने यो कतिको खराबको भुमरीमा परिरहेको छ सो हामीले देख्दछौं। दुष्टै दुष्ट र पापले भरिएको यस संसारको बाबजुद पनि परमेश्वरले हामीलाई सम्हाल्नुहुन्छ। संसार कस्तो पापको हिलोमा फस्न पुगेको थियो जसले गर्दा परमेश्वरले जलप्रलयद्वारा सारा संसारलाई ध्वस्त गर्न वाध्य हुनु भएको थियो सो हामीले केवल कल्पनामात्र गर्न सक्छौं। “परमेश्वरले मानिसहरूलाई असल जीवन जीउन आदर्शनितिहरू दिनुभएको थियो। तर उहाँको व्यवस्थालाई मानिसहरूले उल्लङ्घन गरे। त्यसले गर्दा मानिसले सोच्ने प्रत्येक पाप यस संसारमा फलेको थियो। मानिसको दुष्टता खुला र साहसिलो थियो। न्याय र उचित भन्ने गुण धुलोमा मिसिएको थियो र पेलिएका, दविएका, शोषित मानिसहरूको क्रन्दन स्वर्गमा पुगेको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. ९१बाट रूपान्तरित।

उत्पत्ति ९:१-१७ पढ्नुहोस्। जलप्रलयपछि परमेश्वरले मानव जगतसँग के करार बाँध्नुभएको थियो र आफ्ना सृष्टिप्रति उहाँले कस्तो सदाशयता र अनुग्रह देखाउनुभएको थियो? हेर्नुहोस्: "१ त्यसपछि परमेश्वरले नोआ र तिनका छोराहरूलाई आशिष् दिएर भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै र पृथ्वीमा भरिँदैजाओ। २ पृथ्वीका सबै पशुहरू र आकाशका सबै पन्क्षीहरू र जमिनमा घस्रने सबै प्राणीहरू र समुद्रका सबै माछाहरूमा तिमीहरूको डर र त्रास हुनेछ। तिमीहरूकै हातमा ती सुम्पिएका हुन्छन्। ३ जीवित-जीवात सबै तिमीहरूका निम्ति आहारा हुनेछन्। मैले हरिया वनस्पति तिमीहरूलाई दिएझैं सबै थोक म तिमीहरूलाई दिन्छु। ४ "तर मासु त्यसको प्राण दिने रगतसमेत नखाओ। ५ र तिमीहरूको प्राण दिने रगतको सट्टा म निश्चय लेखा लिनेछु। हरेक पशुदेखि म प्राणको साटो लिनेछु, र हरेक मानिसदेखि पनि आफ्नो दाजुभाइका प्राणको साटो म लिनेछु। ६ "जसले मानिसको रक्तपात गर्छ, मानिसबाटै त्यसको रक्तपात हुनेछ, किनभने परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभएको हो। ७ तिमीहरूचाहिँ फल्दै-फुल्दैजाओ। पृथ्वीमा प्रशस्तसँग बालकहरू जन्मून्, र संख्यामा तिनीहरूको वृद्धि हुँदैजाओस्।" ८ तब परमेश्वरले नोआ र तिनका छोराहरूलाई यसो भन्नुभयो, ९ "तिमीहरू र तिमीहरूका भावी सन्तानसित, १० तथा जहाजबाट तिमीहरूसित निस्केर आएका सबै जीवित प्राणीहरू- अर्थात्, पन्क्षीहरू, पालिने पशुहरू, वन-पशुहरू- तिमीहरूसित भएका पृथ्वीका सबै जीव-जन्तुहरूसित म मेरो करार स्थापित गर्दछु। ११ म तिमीहरूसित मेरो यो करार स्थापित गर्दछु, कि सबै प्राणी फेरि कहिल्यै प्रलयको पानीले नष्ट हुनेछैनन्,अनि पृथ्वीलाई सर्वनाश गर्न फेरि कहिल्यै जलप्रलय हुनेछैन।" १२ अनि परमेश्वरले भन्नुभयो, "जुन करार मेरो र तिमीहरू र तिमीहरूका साथमा भएको हरेक जीवित प्राणीको बीचमा सबै पुस्तौंसम्मको

निम्ति म ठहराउँदैछु, त्यसको चिन्ह यही हुन्छ। १३ म बादलमा मेरो इन्द्रेनी राख्तछु, र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ। १४ जहिले-जहिले म पृथ्वीमा बादल फिँजाउँछु र बादलमा इन्द्रेनी देखा पर्छ, १५ मेरो र तिमीहरू अनि हरेक किसिमको जीवित प्राणीको बीचमा रहेको मेरो करार म सम्झनेछु। पानीले फेरि कहिल्यै सबै प्राणीलाई नाश गर्ने प्रलय ल्याउनेछैन। १६ जुन बेला बादलमा इन्द्रेनी देखा पर्छ, म त्यो हेरेर यो सधैंको करारलाई सम्झनेछु, जो परमेश्वर र पृथ्वीका सबै जीवित-जीवातसँग बाँधिएको छ।" १७ यसरी परमेश्वरले नोआलाई भन्नुभयो, "मैले पृथ्वीका सारा प्राणी र मेरो बीचमा बाँधेको करारको चिन्ह यही हो।"

**बाइबलमा उल्लेखित सबै करारहरूमा नोआसँग गरिएको करार वा सम्झौता अत्यन्त जगतव्यापी छ। त्यस करारमा केवल नोआ र उनका छोराहरूमात्र समावेश भएको छैन तर सम्पूर्ण मानव जगत र जन्तुजनावरहरू र साथै अजिब प्रकृतिपनि समावेश भएको थियो (उत्पत्ति ९:१२)। त्यो पनि एक पक्षिय करार थियो। जुन् करार उहाँले बाँध्नुभएको थियो त्यो करार कसैमाथि जबरजस्ती लाद्नुभएको थिएन न त कुनै कामका शर्तहरू राखेका थिए। परमेश्वरले संसारलाई पानीबाट ध्वस्त नगर्ने उहाँको बाचा हो। यो नै यथेष्ट छ। अरू करारहरूमा शर्त थिए भने त्यसमा कुनै शर्त समावेश भएको छैन।**

त्यो करारलाई परमेश्वरले लालमोहर वा ल्हाछाप लगाउनुभएको थियो। त्यो थिए सबैले देखिने इन्द्रेणी। जब जब इन्द्रेणी देखापर्छ तब तब परमेश्वरले जलप्रलयबाट सारा संसारलाई नाश गर्नुहुनेछैन भन्ने कबूललाई याद दिलाउँछ। (यदि हामी सबै विश्वव्यापी जलप्रलयबाट नाशिएको भए हामीले इन्द्रेणीलाई कहिलै पनि देख्ने थिएनौं, होइन त?)। दुष्ट, आतङ्क, पाप तथा त्रासको बीचमा हामी इन्द्रेणीको सौन्दर्यताको आशिषलाई हामी हेर्दछौं जुन्

कि सारा संसारको निम्ति परमेश्वरले देखाउनुभएको अनुग्रह र सदाशयता हुन्। त्यसलाई हेर्नसक्छौं र त्यसबाट आशा खिँच्न सक्छौं। फेरि त्यसलाई हेरेर हामी भन्न सक्छौं कि त्यो त परमेश्वरको प्रेमको सन्देश हो जुन् यस दुर्गति र बिग्रिएको संसारलाई दिएको थियो।

इन्द्रेणीको महानता र सौन्दर्यताको बारेमा गहिरिएर सोच्नुहोस्। बिशेष गरेर जुन् परिवेशमा इन्द्रेणी दिइएको थियो त्यसलाई सम्झिन्दा परमेश्वरतिर हामीलाई कसरी तानिन्छ, यस नाश हुने संसारबाट अपार कसरी हुन दिन्छ र यस संसारले दिने गौरबभन्दा अझ महान् कसरी दिन्छ भन्ने गहिरो सोचमा पर्न हामी सिकौं।

## २. अब्राहमसँग बाँधिएको करार

अब्राहमसँग बाँधेका करारमार्फत परमेश्वर के गर्न चाहनुहुन्थ्यो सो देहायका पदहरूमा पढ्नुहोस्ः " १ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई म सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।" उत्पत्ति १२ः१-३, " १ त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, "अब्राम, तिमी नडराऊ। तिम्रो ढाल म नै हुँ, र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ।" २ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुनेछ।" ३ फेरि अब्रामले भने, "हेर्नुहोस्, तपाईंले मलाई सन्तान दिनुभएन, र मेरो घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी हुनेछ।" ४ तब

परमप्रभुको यो वचन फेरि तिनीकहाँ आयो, "यो मानिसचाहिँ तिम्रो उत्तराधिकारी हुनेछैन, तर जो तिम्रो आफ्नै छोरा हुन्छ त्यही नै तिम्रो उत्तराधिकारी हुनेछ।" ५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" उत्पत्ति १५:१-५, " १ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। मेरो सामु हिंड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु।" ३ तब अब्राम घोप्टो परे, र परमेश्वरले तिनलाई यसो भन्नुभयो, ४ "हेर्, यो मेरो करार तिमीसँगै छ। तिमी असंख्य जाति-समूहको पिता हुनेछौ। ५ अब उप्रान्त तिम्रो नाउँ अब्राम हुनेछैन, तर अब्राहाम* हुनेछ, किनकि मैले तिमीलाई असंख्य जातिसमूहको पिता तुल्याएको छु। ६ म तिमीलाई अत्यन्तै फल्दो-फुल्दो तुल्याउनेछु, र तिमीबाट धेरै जातिहरू बनाउनेछु। तिमीबाट राजाहरू उत्पन्न हुनेछन्। ७ तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु। ८ तिमीले प्रवास गरेको यो देश, अर्थात् सारा कनान देश तिमी र तिम्रा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु।" ९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तिमीले चाहिँ मेरो करार पालन गर्नुपर्छ– तिमी र तिमीपछिका तिम्रा सन्तानहरूले तिनका पुस्तौंसम्म। १० मेरो र तिम्रो, र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा भएको तिमीहरूले पालन गर्नुपर्ने मेरो करार यही होः तिमीहरूमध्येको हरेक पुरुष-जातिको खतना हुनुपर्छ। ११ तिमीहरूको आफ्नो खलड़ीको खतना हुनुपर्छ। मेरो र तिमीहरूका बीचमा भएको करारको चिन्ह यही हुनेछ। १२ तिमीहरूका

पुस्तौँसम्म तिमीहरूमा हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको खतना गरिओस्, र साथै तिनीहरूको पनि, जो तिमीहरूका सन्तान होइनन्, चाहे घरमा जन्मेको होस् अथवा कुनै विदेशीबाट दाम हालेर किनेको होस्। १३ चाहे तिम्रो घरमा जन्मेको होस् वा दाम हालेर किनेको होस् जसको खलड़ीको खतना भएको छैन, त्यसको खतना हुनैपर्छ। यसरी मेरो करार तिमीहरूको शरीरमा पछि परन्तुसम्म हुनेछ। १४ खतना नगरिएको जुनसुकै पुरुष-जाति जसको खलड़ीको खतना भएको छैन, त्यो मानिस आफ्नो जातिबाट बहिष्कार गरिनेछ। त्यसले मेरो करार भङ्ग गर्छ।" उत्पत्ति १७:१-१४।

**जुन अनुग्रहको करार परमेश्वरले अब्राहमसाग बाँध्नुभएको थियो सो सारा मुक्तिको इतिहासमा मौलिक करार थियो। त्यसैकारणले मुक्तिको योजनालाई व्याख्या गर्दा त्यो करार येशूमा कसरी पूरा भयो भनेर पावलले जिकिर गरेका थिए।**

मुक्ति भनेको कुनै काम वा धर्मकर्मबाट प्राप्त हुने होइन तर परमप्रभु सनातन सृष्टिकर्तामाथि आस्था तथा भरोसा राख्दा मात्र पाउँछ भनेर पावलले व्याख्या गरेका देहायका पदहरूमा हेर्नुहोस्: गलाती ३:६-९ " ६ अब्राहामलाई नै हेर, "उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो।" ७ यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्। ८ परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई "तिमीमा नै सबै जातिले आशिष् पाउनेछन्" भन्ने सुसमाचार अघिबाटै सुनायो। ९ यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष् पाएका छन्।" र गलाती ३:१५-१८ " १५ भाइ हो, प्रतिदिनको जीवनबाट एउटा उदाहरण लिऔं, एक चोटि पक्का भइसकेपछि मानिसले बनाएको इच्छापत्र कसैले रद्द गर्न

सक्दैन, न त त्यसमा केही थप्न सक्छ। १६ प्रतिज्ञाहरू अब्राहाम र उनको सन्तानलाई दिइएका थिए। धर्मशास्त्रले "सन्तानहरूलाई" भन्दैन, यसले त धेरै मानिसहरूको सङ्केत दिन्छ। तर धर्मशास्त्रले "तिम्रो सन्तानलाई" भन्छ, यसले एक जना मानिसको मात्र सङ्केत दिन्छ, जो ख्रीष्ट हुनुहुन्छ। १७ मेरो भनाइको अर्थ यो हो, कि चार सय तीस वर्षपछि आएको व्यवस्थाले त्यसभन्दा अघि परमेश्वरले पक्का गर्नुभएको करारलाई काट्दैन, नत्रता प्रतिज्ञा रद्द भइजानेथियो। १८ किनकि उत्तराधिकार व्यवस्थाद्वारा पाइने हो भने प्रतिज्ञाद्वारा पाइने कुरै आउँदैन। तर परमेश्वरले प्रतिज्ञाद्वारा नै अब्राहामलाई यो दिनुभयो।"

अब्राहमको सन्तान भनेर सम्बोधन गर्दा उनका धेरै पुस्ताहरूलाई मात्र नभएर विशेष सन्तान येशूलाई पावलले औंल्याएका थिए (गलाती ३:१६) जसबाट सारा संसारले आशिष पाउने प्रावधान बनाइएको थियो। ख्रीष्टमा विश्वास गर्नु भनेकै अब्राहमको स्वःत सन्तान हुनु भएकोले (गलाती ३:२९) अब्राहमका परमेश्वर सारा मानिसहरूका परमेश्वर हुनुभएको थियो। त्यसैबेला अब्राहमले परमेश्वरको वचनलाई विश्वास गरे र त्यो उनको निम्ति धार्मिकता हुनगएको थियो (गलाती ३:६)। जसरी कुनै धर्मकर्म वा काम बिना क्रुसमा टाँगिएको अपराधीले मुक्ति पाउने कबूल पाएको थियो त्यसै गरि अब्राहमले पनि मुक्ति पाएका थिए। परमेश्वर र उहाँको मुक्ति दिने अनुग्रहलेमात्र मानिसले मुक्ति पाउँछ। करारको अन्तमा उल्लेख गरिएको प्रतिज्ञा अब्राहमले पूरा गरे तर उनी सिद्ध भएकोले होइन, उनी सिद्ध त थिएन तर उनी आज्ञाकारी भएको कारणले गरेका थिए। बिश्वासद्वारा मुक्तिको प्रतिज्ञालाई उनले पकड्न सकेकोले परमेश्वरको वचनलाई उनले शिरोपर गरेका थिए। उनले काम गरेर वा परमेश्वरको आज्ञालाई पालन गरेर उनी धर्मी ठहरिए भनेको छैन तर उनको कामले उनी धर्मी

ठहरिएको देखाएको थियो। परमेश्वर र मानिसको बीचमा बाँधिएको करारको मूल सार त्यही हो। विश्वासीको जीवनशैलीले मुक्ति पाएको व्यक्ति भनेर प्रदर्शन गर्दछ (रोमी ४:१-८ " १ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।"

तपाईंको मुक्तिको आशा येशूबाट मात्रै हुन्छ भन्ने महान् आत्मिक सत्यलाई सोच्नुहोस्। त्यो मुक्तिको श्रेय तपाईंले उहाँमाथि विश्वास गरेकोले हो तपाईंको धर्मकर्मले पनि होइन भनेर बुझ्नुहोस्। तपाईंको निम्ति यस अचम्मको प्रावधानले तपाईंलाई कस्तो महान् आशा र आनन्दले तपाईंको जीवनलाई उज्यालो पार्दछ?

## ३. सिनैको पहाडमा गरिएको करार

सिनैको पहाडमा इस्राएल र परमेश्वरको बीचमा करार कसरी बाँधिएको थियो? हेर्नुहोस्, प्रस्थान २४ " १ फेरि उहाँले मोशालाई भन्नुभयो, "तिमी, हारून, नादाब, अबीहू र इस्राएलका धर्म-गुरुहरूमध्ये सत्तरी जना परमप्रभुकहाँ माथि उक्लेर आओ, र टाढैबाट आफ्नो भक्ति चढाओ। २ तर मोशा मात्र परमप्रभुकहाँ

आओस्, अरूहरूचाहिँ नजिक नआऊन्। मानिसहरू पनि त्योसित
माथि उक्लेर नआऊन्।” ३ जब मोशाले गएर परमप्रभुका सबै
कुरा र विधिविधानहरू मानिसहरूलाई सुनाए, तब तिनीहरू सबैले
एकै सोर गरी भने, “परमप्रभुले भन्नुभएका सबै वचनहरू हामी
पालन गर्नेछौं।” ४ तब मोशाले परमप्रभुका सबै वचनहरू लेखे।
बिहान सबेरै उठेर मोशाले पर्वतको पल्लो छेउमा एउटा वेदी
बनाएर इस्राएलका बाह्र कुलअनुसार बाह्र वटा ढुङ्गाका खम्बा
उभ्याए। ५ तब तिनले इस्राएलका जवानहरूलाई पठाए, र
तिनीहरूले परमप्रभुको निम्ति होमबलि र साँढ़हरूको मेलबलि
चढ़ाए। ६ मोशाले आधा रगत लिएर कचौरामा हाले, र आधा
रगतचाहिँ वेदीमा छर्के। ७ त्यसपछि तिनले करारको पुस्तक
लिएर मानिसहरूका सामुन्ने पढ़े। तिनीहरूले जवाफ दिए,
“परमप्रभुले भन्नुभएका सबै कुरा हामी गर्नेछौं र आज्ञाकारी
हुनेछौं।” ८ तब मोशाले रगत लिएर मानिसहरूमाथि छर्के, र
भने, “हेर, यो त्यस करारको रगत हो, जो परमप्रभुले आफ्ना यी
सबै वचनअनुसार तिमीहरूसित बाँध्नुभएको छ।” ९ त्यसपछि
मोशा, हारून, नादाब, अबीहू र इस्राएलका धर्म-गुरुहरूमध्ये सत्तरी
जना माथि उक्ले, १० र इस्राएलका परमेश्वरलाई देखे। उहाँका
खुट्टामुनि नीरले छापेको, आकाशजस्तै सफा भएको पेटीजस्तो
थियो। ११ तर उहाँले इस्राएलीहरूका नाइकेहरूका विरुद्धमा
आफ्नो हात उठाउनुभएन, र तिनीहरूले परमेश्वरलाई देखे र
खानपान गरे। १२ अनि परमप्रभुले मोशालाई भन्नुभयो,
“पर्वतमाथि मकहाँ आएर यहाँ बस। तिमीले तिनीहरूलाई
सिकाउनलाई मैले लेखेका व्यवस्था र आज्ञाहरूका शिला-पाटीहरू
तिमीलाई दिनेछु।” १३ तब मोशा र तिनका सेवक यहोशू उठेर
परमेश्वरको पर्वतमा गए। १४ मोशाले धर्म-गुरुहरूलाई भने,
“हामी तिमीहरूकहाँ नआउञ्जेल तिमीहरू यहीँ हामीहरूलाई
पर्ख। हारून र हूर तिमीहरूसँग छन्। कसैको केही विवाद भए

तिनीहरूकहाँ जाऊन्।" १५ तब मोशा पर्वतमा उक्ले र बादलले पर्वतलाई ढाकिराख्यो। १६ परमप्रभुको महिमा सीनै पर्वतमा रह्यो, र बादलले छ दिनसम्म पर्वतलाई ढाकिराख्यो। सातौं दिनमा परमप्रभुले बादलको बीचबाट मोशालाई बोलाउनुभयो। १७ इस्राएलीहरूका दृष्टिमा परमप्रभुका महिमाको रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो। १८ तब मोशा बादलको बीचमा भएर पर्वतमा उक्ले, र तिनी पर्वतमा चालीस दिन र चालीस रात रहे।"

**मोशा र अरू केही अगुवाहरू सिनै पहाडमा उक्ले। ती अगुवाहरूमा हारुन र उनका दुई छोराहरू पनि थिए जो पूजारीहरूको प्रतिनिधित्व गर्थे र ७० एल्डरहरू, अगुवाहरू र न्यायकर्ताहरू थिए जसले राष्ट्रलाई प्रतिनिधित्व गरेका थिए। मोशासँग गएका मानिसहरू परै बसेका थिए। तर परमेश्वर जहाँ देखा पर्नुभयो त्यहाँ मोशाचाहीँ गएका थिए।**

**मोशा पछि आएर सारा राष्ट्रसँग परमेश्वरले बाँध्नुभएको करारप्रति प्रतिवद्धता देखाए। परमेश्वरले उनमाथि जे बोल्नुभएको थियो सो घोषणा उनले घोषणा गरे। त्यसको प्रत्युत्तरमा सारा जनताले एकै साथमा यी वचनहरू बोले "परमेश्वरले भन्नुभएको सबै वचनहरू हामी पालन गर्नेछौं।" (प्रस्थान २४:३ रूपान्तरित)।**

**पवित्र इतिहास र हामीहरूकै अनुभवले यो देखाउँछ कि परमेश्वरको बचन पालन गर्ने कबूल एक पक्ष हो भने विश्वास गरेर आफ्नो जीवन समर्पण गर्दै उहाँको शक्तिद्वारा अनुग्रह पाएर हामीले उहाँको वचन पालन गर्नु अर्को पक्ष हो।**

इस्राएल कसरी असफल भए भनेर हिब्रू ४:२ले कसरी व्याख्या गर्दछ? हामीले पनि त्यो भूल नगर्न कसरी सतर्क हुने? हेर्नुहोस्: " २ किनकि हामीलाई पनि तिनीहरूलाई झैं सुसमाचार प्रचार गरिएको हो। तर सुनेको वचनले तिनीहरूलाई केही फाइदा भएन, किनकि सुन्नेहरूले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन्।"

**केवल विश्वासद्वारा प्रतिज्ञाहरूलाई पकडि राख्न सक्यो भने विश्वासैद्वारा हामी आज्ञाकारी हुनसक्छौं। हामीहरू आज्ञाकारी हौं भनेर देखाउने प्रमाण परमेश्वरको दश आज्ञाहरूप्रति बफादार हुनु हो। परमेश्वरको व्यवस्थाको पालन गर्नु अनन्तको करारको बिपरित होइन। त्यो मोशाको समयपनि समयसापेक्षिक थियो र हाम्रो समयमा पनि। कतिपय मानिसहरूले पावलको वचनलाई गलत व्याख्या गरेर दश आज्ञाहरूप्रति नकारात्मक धारणा राखेको पाइन्छ। पावलका प्रतिद्वन्धीहरू जसले येशूलाई मात्र यहूदी नै हुनुपर्छ र यहूदी धर्मसंस्कारहरू पालन गर्नुपर्छ भनेर जबरजस्ती सिकाउन थालेकोले तिनीहरूको प्रतिकारमा पावलले बोलेका थिए। व्यवस्था र आज्ञाकारी नै विश्वासको केन्द्रविन्दु हो भनेर ती प्रतिद्वन्धीहरूले जिकिर गरेका थिए। त्यसको बिपरित ख्रीष्ट र उहाँको धार्मिकता नै मुक्तिको केन्द्रविन्दु हो भनेर पावलले बहस गरेका थिए।**

कतिपटक तपाईंले भन्नुभयो “परमेश्वरले भन्नुभएको सबै कुरा म पालन गर्छु" र बप्तिस्माको समयमा गरिएको बाचा तपाईंले कतिसम्म पालन गर्नुभएको छ? यस यथार्थ सत्यले हामीलाई उपलव्ध गराइएको अनुग्रह झन कतिको मूल्यवान भएको तपाईंले महसुस गर्नुभएको छ? त्यो बिना तपाईंको आशा के छ र?

## ४. नयाँ करारः भाग १

यर्मिया ३१:३१-३४ पढ्नुहोस्। ती पदहरूमा तत्कालिन समयको लागि र हाम्रो लागि के महत्त्वपूर्ण सन्देशहरू छन्? हेर्नहोस्: "३१ परमप्रभु भन्नुहुन्छ, “ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। ३२ तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ।” परमप्रभु भन्नुहुन्छ,

"तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पिता थिएँ।" ३३ परमप्रभु भन्नुहुन्छ, "ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्। ३४ 'परमप्रभुलाई चिन' भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्," परमप्रभु भन्नुहुन्छ "किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ।"

मानिसहरूले अत्यन्त महान् संकष्ट भोगीरहेको बेलामा परमेश्वरले यर्मियामार्फत माथिका पदहरू घोषणा गर्नुभएको थियोः बेबिलोनको सिघ्र आक्रमण र इस्राएल राष्ट्रको अस्तित्वनै खतरा थियो। यस परिस्थितिमा पनि अरू समयमा जस्तै परमेश्वरले मानिसहरूलाई आशा प्रदान दिनुभएको थियो। तिनीहरूले भोग्नुपर्ने दुःखले तिनीहरूको अन्त्य हुनेछैन र परमेश्वरको सामु उन्नतिको पथमा जान तिनीहरूले अर्को अवसर पाउनेछन् भन्ने कबूल तिनीहरूलाई परमेश्वरको थियो।

त्यसकारण "नयाँ करार"को प्रथम प्रतिज्ञा बेबिलोन देशमा प्रवास हुन गएका इस्राएलीहरूको निम्ति थियोः तिनीहरू निर्धारित समयमा बेबिलोनबाट तिनीहरू पलायनबाट फर्किने छन् र जब तिनीहरू फर्कन्छन् तब तिनीहरूमाथि परमेश्वरले आशिष खन्याउनुहुनेछ। सिनैको पहाडको फेदिमा तिनीहरूले परमेश्वरसँग गरिएको करारलाई भङ्ग गरेका थिए (यर्मिया ३१:३२) तर तिनीहरूको निम्ति पुननिर्मित करारले तिनीहरूलाई सुरक्षित राख्नेछन् र तिनीहरूको भविष्यको आशा त्यसैमा झुण्डिने छ। सिनैको पहाडमा गरिएको करार जस्तै नयाँ करार पनि परमेश्वरसँगको सम्बन्धमा भर पर्नेछ। त्यसमा त्यही व्यवस्था वा

दश आज्ञाहरू समाबेश हुनेछन् तर ढुङ्गाको पाटीमा होइन बरू तिनीहरूको हृदयको पाताहरूमा जुन् पहिलेदेखि त्यसरी नै रहनुपर्ने थियो।

"त्यही व्यवस्था वा दश आज्ञाहरू जुन् ढुङ्गाका पाटीहरूमा कोरेका थिए त्यही व्यवस्था पवित्र आत्माले हृदयका पाटीहरूमा लेख्नुहुन्छ। हामीहरूले हामीहरूको आफ्नै धर्मात्माको स्तरलाई निर्धारण गर्दै जानेको सट्टा हामीले ख्रीष्टको धार्मिकालाई स्वीकार गर्छौं। उहाँको रगतले हामीहरूको पाप पखाल्दछ। हामीहरूमा हुनुपर्ने आज्ञाकारिता उहाँले पालन गर्नुभएकोले त्यो हाम्रो निम्ति स्वीकार गर्दछ। तब पवित्र आत्माले पुनर्जिवित तथा पुननविकरण गरिएको हृदयले "पवित्र आत्माको फल फलाउनेछन्।" हामीहरूका हृदयका पाटीहरूमा लेखिएका परमेश्वरको व्यवस्थालाई ख्रीष्टकै अनुग्रहको शक्तिले पालन गर्नेछौं। जब हामीमा ख्रीष्टको आत्मा हुन्छ तब हामी हिंड्नेछौं जसरी उहाँ हिंड्नु भएको थियो।" एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किंगस्,* पृ. ३७२बाट रूपान्तरित।

नयाँ करारमा तिनीहरूको पापहरूको क्षमा हुनेछन्। तिनीहरूले अरूहरूमार्फत होइन व्यक्तिगत रूपमै परमेश्वरलाई चिन्नेछन् र पवित्र आत्माको शक्तिले तिनीहरूमाथि काम गरिएको अनुसार तिनीहरूले परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाहरूलाई हृदयदेखि शिरोपर गरि चल्नेछन्। पुरानो करार बिभिन्न प्रतिकहरू र छायाँहरूले भरिएका थिए। तर नयाँ करार वास्तविक हुनेछ जसद्वारा यो देखाउँछ कि मुक्ति सधैं विश्वासद्वारा उपलब्ध गराइन्छ र बिश्वासमा चलेको व्यक्तिले पवित्र आत्माको फलहरूलाई प्रकट गर्नेछ।

## ५. नयाँ करारः भाग २

अगमवक्ता यर्मियाले उल्लेख गरेका नयाँ करारमा दुई अर्थहरू समावेश भएका छन्: पहिलोमा इस्राएलीहरू परमेश्वरतिर

फर्कने र उहाँले तिनीहरूलाई तिनीहरूको आफ्नै घरदेशमा फर्काउने। दोस्रोमा येशू मसीहको कामलाई औंल्याउँछ। उहाँको मृत्युले नयाँ करारको अनुमोदन गर्दछ र परमेश्वर र मानिसहरूको बीचमा भङ्गभएको सम्बन्ध फेरि जोड्दछन्। त्यस नयाँ करारबाट नै हामीहरूले मुक्तिको योजनालाई स्पष्ट रूपमा बुझ्दछौं जुन् पहिले प्रतिक र छायाँहरूद्वारा प्रकट गरिएका थिए (हिब्रू १०:११)।

लूका २२:१९,२० र १ कोरन्थी ११:२२-२६ पढ्नुहोस्। उपरोक्त पदहरूले यर्मियाको भविष्यवाणीलाई कसरी प्रतिविम्ब गर्दछ, हेर्नुहोस्: "१९ अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढ़ाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरूलाई यसो भन्दै दिनुभयो, "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो। मेरो सम्झनामा यो गर्ने गर।" २० यसै गरी खाइसक्नुभएपछि उहाँले कचौरा लिनुभयो र भन्नुभयो, "यो कचौरा तिमीहरूका निम्ति बगाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो।" लूका २२:१९-२० र "२३ किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, २४ र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो। यो मेरो सम्झनाको निम्ति गर।" २५ त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो। जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर।" २६ किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ।" १ कोरन्थी ११:२३-२६।

रोटीले ख्रीष्टको टुक्रिएको शरीरलाई प्रतिनिधित्व गर्दछ। जब इस्राएलीहरू इजिप्टबाट निस्किएका थिए त्यसबेला निस्तार चाडको सुरूवात गर्न पाठोलाई बलि चढाएको थियो। त्यसको रगतले इस्राएलीहरूको ढोकामा छर्किएको थियो। त्यो ढोकाबाट

तिनीहरू निस्किएका थिए। पुरानो करारमा भएको त्यस पाठोको बलिले येशूको हुनेवाला बलिलाई औँल्याएको थियो। लहरे फलको रसले येशूको रगतको प्रतिनिधित्व गर्दछ जुन् हामी सबैको निम्ति उहाँले क्रुसमा रगत बगाउनुभएको थियो। येशूको कार्य केवल नयाँ करारमा मात्र सुरू भएको थिएन, त्यसमा पुरानो करारलाई पनि समेतेको थियो। मुक्तिको इतिहासभरि येशूले जे गर्नुभयो सो प्रभुभोजको बिधिमार्फत उहाँको सक्रियतालाई प्रस्तुत गर्दछ। प्रभुभोजले पुरानो र नयाँ करारको सिक्रिलाई जोड्दछ।

साच्चै भन्ने हो भने प्रभुभोजमा उपयोग गरिएको रोटी र रसले मुक्तिको इतिहासलाई अत्यन्त संक्षेप्त रूपमा प्रस्तुत गर्दछ। हुनत, ती केवल प्रतिकहरूमात्र हुन्, यद्यपि ती प्रतिकहरूले हाम्रो निम्ति परमेश्वरले गर्नुभएको अत्यन्त अकल्पनीय र अचम्मको कामलाई बुझाउँदछ।

पावल एक कदम अगाडि बढेर प्रभुभोजको बिधिले ख्रीष्टको मृत्युलाई मात्र औँल्याएका छैनन् तर उहाँको आगमनलाई पनि औँल्याउँछन्। यदि उहाँ फेरि आउनुभएन भने उहाँको मृत्यु हाम्रो निम्ति अर्थहिन हुनजान्छ। उहाँको पहिलो आगमनको औचित्य के छ र यदि उहाँ फेरि आएर हामीलाई मृत्युबाट पुनरुत्थान गर्नुभएन भने (१ थेस्सोलोनिकी ४:१६, १ कोरन्थी १५-१८)? उहाँको दोस्रो आगमनलाई आफ्नो पहिलो आगमनसँग यसरी जोड्नुभएको थियो “म तिमीहरूलाई भन्दछु, यस रितिको रस म फेरि पिउँदिन जब मेरा पिताको राज्यमा तिमीहरूसँग ताजा रस पिउँदिन।" (मत्ती २६:२९ रूपान्तरित)। ख्रीष्टको पहिलो आगमन दोस्रो आगमनसँग गाँसिएको थियो भन्ने कुरामा दुईमत छैन। दोस्रो आगमनमा मात्र उहाँको पहिलो आगमनको औचित्य पूरा हुन्छ।

ख्रीष्टले फलको रस त्यसबेलासम्म पिउनुहुन्न जब हामीसँग परमेश्वरको राज्यमा बस्नुहुन्न भन्ने उहाँको वचनलाई अर्को पल्ट तपाईंले प्रभुभोज गर्नेबेलामा सोच्नहोस्। त्यसले

तपाईंलाई कस्तो आभास दिन्छ? ख्रीष्ट हामीसँग नजिक हुन चाहेको चाहना त्यसले कसरी देखाउँछ?

## उपसंहारः

थप जानकारीः "यस संसारलाई पूर्ण जलप्रलयद्वारा नाश नगर्ने करार परमेश्वरले गर्नुभएको थियो भनेर देखाउन इन्द्रेणी धरोहरको रूपमा चिन्ह भएको छ भनेर बाइबलले बताएको हामीले हेऱ्यौं। सूर्यको किरण पानीमा परेर बिभिन्न तरिकाले प्रतिविम्ब गर्दा इन्द्रेणी हुन्छ भनेर बिज्ञानले भन्दछ। किरण पानीको थोपामा एक ठाउँमा भित्रिन्छ र त्यही थोपाको अर्को ठाउँबाट किरण प्रतिबिम्ब गर्दछ। त्यसबेला अहिले हामीले देखिने बिभिन्न रङ्गहरूको सृजना हुन्छ। बिज्ञानले इन्द्रेणीलाई निस्क्रिय पार्छ कि भनेर बेलायतको प्रशिद्ध कवी जोन किटलेले चिन्ता व्यक्त गरेका थिए। विज्ञानले इन्द्रेणीको बारेमा जतिसुकै खोजअनुसुन्धान गरेर त्यसलाई जनसमक्ष ल्याएतापनि परमेश्वरले बाँध्नुभएको वाचाको चिन्ह मानिसहरूलाई दिइएको प्राकृतिक नियम प्रयोग गरेर इन्द्रेणी भएको भन्दा अझ राम्ररी बुझउनुभन्दा अरू के होला र? विज्ञानले कुनै दिन इन्द्रेणीको बारेमा सबै व्याख्या गर्न सकेतापनि त्यो किन बनियो भनेरचाहीं ब्याख्या गर्न सक्दैन।

तर त्यो किन बनियो, हामीलाई थाहा छ। किनभने परमेश्वरले हाम्रो संसारलाई यस्तो गरेर बनाउनुभयो कि जब घामको किरण र तुँवालो ठिक सम्बन्धमा आउँछन् त्यो तुँवालो टुक्रा टुक्रा हुन्छ र त्यसले किरणलाई विभिन्न पक्षहरूबाट प्रतिविम्ब पार्दछ। त्यसले बुद्युतियचुम्बकको छालको सृजना गर्दछ। जब त्यो हामीहरूको आँखामा पर्छ तब हामीहरूको दिमागमा इन्द्रेणीको छाप पर्दछ। परमेश्वरले त्यो सृजना गर्नुभयो किनकि यस संसारलाई जलप्रलयद्वारा ध्वस्त बनाउनुहुनेछैन भनेर वाचा दिनलाई हो। (विज्ञानले त्यो किन बनियो भनेर कहिलै पनि व्याख्या गर्न सक्दैन)।

**चिन्तनमनन:**

अ. बिज्ञानले कहिलै पनि सिकाउन नसकेका केही सत्य ज्ञानहरू के छन् जुन् बाइबलले सिकाउँदछ? अझ हामीले थाहा पाएको अत्यन्त महान् सत्यहरूलाई विज्ञानद्वारा कहिलै पनि प्रकट गर्न सक्दैनन् भनेर के हामीलाई थाहा छ? ती केही सत्यहरू के के हुनसक्छ?

आ. मुक्तिको योजनामा विश्वास र कामको भूमिका के छ सो सोच्नुहोस्। ती दुवैले येशूभक्तको अनुभवमा कस्तो खालको सम्बन्ध हुन्छ?

इ. हामीहरूको हृदयमा व्यवस्था वा दश आज्ञाहरू कोरिएका छन् भन्नुको अर्थ के हो? नयाँ करारमा पनि त्यसले निरन्तरता पाइरहेको छ भनेर त्यस भनाईले कसरी देखाउँछ?